# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३।०८।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

------------------------------------------------------

भूमिसुधार कार्यालय, काठमाण्डौमा कार्यरत नायव सुब्बा अंगुर कुमार सिग्देलले मोहिको लगत कट्टा गरी लालपुर्जा बनाउने प्रयोजनका लागि बिभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटि गएको टोलीले निज अंगुर कुमार सिग्देललाई लेखनदास विष्णुराज आचार्य मार्फत रु.५०,०००।-(पचास हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा अंगुर कुमार सिग्देलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक अंगुर कुमार सिग्देललाई रु.५०,०००।-(पचास हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

साथै निज अंगुर कुमार सिग्देललाई घुस लेनदेन कार्यमा मतियार र सहयोगीको भूमिका निर्वाह गर्ने लेखनदास विष्णुराज आचार्यले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएको हुंदा निज लेखनदास विष्णुराज आचार्यलाई भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम अंगुर कुमार सिग्देललाई हुने सजायको आधा सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता